# प्रदेश लोक सेवा आयोग

## कोशी प्रदेश, विराटनगर, नेपाल

## सूचना, सञ्चार प्रविधि तथा प्रकाशन शाखा

## अधिकृतस्तर सातौं तहको बढुवा तर्फको दरखास्त संकलन गर्ने सम्बन्धी सूचना

सूचना नं.:- ४६/२०८१-८२ मिति:-२०८१/६/९

आयोगको सूचना नं. १८१-१८२/२०७९-०८०, मिति २०८०/३/११ गते विज्ञापन प्रकाशन भई सम्मानित सर्वोच्च अदालतको मुद्दा नं. ०८०-wo-०८२९, मिति २०८०/११/१३ गतेको अन्तरिम आदेशका सन्दर्भमा आयोगको मिति २०८०/११/१६ गतेको सूचना बमोजिम स्थगित गरिएका प्रदेश निजामती सेवा अन्तर्गतका विभिन्न सेवा, समूह, उपसमूह, अधिकृतस्तर सातौं तहका जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा तर्फका पदका सम्बन्धमा सम्मानित उच्च अदालत, विराटनगरको मुद्दा नं. ०८०-wo-००३२, मिति २०८०/१०/२९ गतेको उत्प्रेषणको आदेशमा "यसमा मिति २०८०/३/११ को लोकसेवा आयोग कोशी प्रदेश विराटनगरको विज्ञापन उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब प्रकाशित हुने सूचना/विज्ञापन मिति २०८०/३/११ को विज्ञापनका सम्बन्धमा दिएको यी निवेदकहरुको निवेदनको उम्मेदवारीका सम्बन्धमा संघीय निजामती ऐन, २०४९ र प्रदेश निजामती सेवा ऐन, २०७९ समेतको बढुवाको लागि तोकिएको योग्यता सम्बन्धमा भएको व्यवस्था समेतलाई मध्यनजर गरी पुनः बढुवाको सूचना प्रकाशन गरी कानून बमोजिम योग्यता पुगेका निवेदकहरुलाई उक्त बढुवामा फारम भर्ने प्रकृयामा समावेश गराउनू भनी विपक्षीहरुको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ" भन्ने आदेश प्राप्त भएको हुँदा साविक म्याद भित्र पेश भई बढुवा समितिको सचिवालयमा पठाइएका बढुवा दरखास्त यथावत कायम रहने गरी आयोगको मिति २०८०/३/११ गतेको विज्ञापन/सूचनामा उल्लेख भएका शर्तहरूको अधिनमा रही सोही सूचनाको म्याद भित्र न्यूनतम योग्यता पूरा गरिसकेका र उच्च अदालतको आदेश अनुरुपका सम्भाव्य उम्मेदवारहरुले दरखास्त पेश गर्न पाउने गरी मिति २०८१/६/२३ गतेसम्म म्याद दिई दरखास्त संकलन गर्न सूचना प्रकाशन गर्ने भनि आयोगबाट मिति २०८१/६/८ गते निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।